# *हिउँमा लेखिएका नामहरू* कवितामा लयविधान

✍ डा. विप्लव ढकाल

उपप्राध्यापक, त्रिचन्द्र बहुमुखी क्याम्पस

**लेख सार**

'हिउँमा लेखिएका नामहरू' मुक्त लयमा आधारित एउटा छोटो गद्यकविता हो । लयविधानका परम्परागत एवं शास्त्रीय नियमहरूको बन्धनमा नबाँधिएको यस कवितामा सहज, स्वतःस्फूर्त र अनियोजित रूपमा मुक्त लयको सघन तीव्रता रहेको छ । यस कवितामा विषम आयामिक पङ्क्तिविन्यास, पदक्रम विचलन र लेख्यचिह्नको प्रयोगबाट लयप्रवाहलाई नियमन गरिएको छ भने समानान्तरता तथा सामान्य भाषिक आवृत्ति लयविधानका मूल कारकका रूपमा रहेका छन् । कवितामा मुक्त लयको उत्पादन, नियमन, व्यवस्थापन र अग्रभूमीकरणका लागि समग्र लयविधायक तत्त्वहरूको एकीकृत सहकार्यबाट निर्मित लयगत एकत्वको निर्णायक भूमिका रहेको छ ।

**शब्दकुञ्जी :** अग्रभूमीकरण, पङ्क्तिविन्यास, मुक्त लय, लयगत एकत्व, लयप्रवाह, विचलन, समानान्तरता ।

## विषयपरिचय

प्रस्तुत लेख कवि तीर्थ श्रेष्ठ (२०१६) द्वारा लिखित 'हिउँमा लेखिएका नामहरू' कवितामा लयविधानको स्वरूप निरूपण गर्ने कार्यतर्फ केन्द्रित छ । यो कविता 'तीर्थ श्रेष्ठका कविताहरू' (२०५५) शीर्षकको कवितासङ्ग्रहमा समेटिएको एउटा लघुतम आयामको गद्यकविता हो । ससाना तीन अनुच्छेद र चौध पङ्क्तिमा संरचित यस कवितामा मानिसको नाम र अमरता भनेको घाम लाग्दा पनि र हिउँ थपिँदा पनि तत्कालै मेटिएर जाने हिउँमा लेखिएको अक्षरजस्तै अत्यन्त क्षणभङ्गुर रहेको कुरा अभिव्यक्त गरिएको छ । सङ्क्षिप्त आयामभित्र मुक्त लयको सघन तीव्रता रहेको यस कवितालाई सङ्गीतकार आभासले सङ्गीतबद्ध गरेर गद्यगीतका रूपमा गायनमा पनि उतारेको पाइन्छ । यसबाट गद्यकविताको अनियोजित लयव्यवस्थाभित्र पनि विशिष्ट किसिमको साङ्गीतिक अन्तर्प्रवाह रहने तथ्यलाई सहज रूपमा बोध गर्न सकिन्छ । कविताको सबैभन्दा प्रमुख विधागत अभिलक्षणका रूपमा रहेको लयविधानका विभिन्न आधारहरू रहेका हुन्छन् । तीमध्ये लयप्रवाहको स्वरूप, समानान्तरता र सामान्य आवृत्तिबाट उत्पन्न हुने लयढाँचा एवं समग्र काव्यिक सङ्कथनभित्र

रहेको लयगत एकत्वको अवस्था नै गद्यकविताको लयविधानका मूलभूत पक्षहरू हुन् । लयविधानका यिनै पक्षहरूमा केन्द्रित रही 'हिउँमा लेखिएका नामहरू' कवितामा लयविधानको स्वरूप कस्तो छ र कविताको भावसौन्दर्यलाई लयले कसरी प्रभावित गरेको छ ? भन्ने प्राज्ञिक जिज्ञासालाई मूल समस्याका रूपमा लिएर यस कवितामा रहेको मुक्त लयविधानको सूक्ष्म विश्लेषण गर्दै प्रामाणिक निष्कर्षको खोजी गर्नु नै यस लेखको मूल उद्देश्य हो ।

## अध्ययनविधि

प्रस्तुत लेखको मूल समस्याको समाधानका लागि मूलतः दुई किसिमका सामग्रीहरूको सङ्कलन गरिएको छ । विश्लेषणको आधारसामग्रीका रूपमा कवि तीर्थ श्रेष्ठको 'हिउँमा लेखिएका नामहरू' कविता रहेको छ भने सैद्धान्तिक पर्याधारका लागि द्वितीयक सामग्रीका रूपमा लयविधानसँग सम्बद्ध सामग्रीहरू रहेका छन् । दुवै किसिमका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । सामग्रीसङ्कलनको मूल प्रक्रिया पुस्तकीय गहन पठनबाट गरिएको सोद्देश्य नमुना छनोट पद्धतिमा आधारित छ । सङ्कलित सामग्रीलाई गद्यकवितामा लयविधानका निश्चित सैद्धान्तिक ढाँचाका आधारमा विश्लेषण गरी वस्तुगत निष्कर्षमा पुगिएको छ । यो अध्ययन मूलतः आगमनात्मक पद्धतिमा आधारित गुणात्मक तथा निर्णयात्मक अध्ययन हो । यस लेखमा लयविश्लेषणका विविध पक्षमध्ये पङ्क्तिविन्यास, लेख्यचिह्नहरूको प्रयोग र विचलनबाट निर्मित लयप्रवाह, समानान्तरता र सामान्य आवृत्तिबाट गरिएको लयविधान तथा लयगत एकत्वमा केन्द्रित रही उक्त कविताको मुक्त लयविधानको निरूपण गरिएको छ ।

## लयविधानको सैद्धान्तिक आधार

कवितामा भाषाका माध्यमबाट निर्माण हुने साङ्गीतिक अन्तर्प्रवाहलाई लय भनिन्छ भने विराम, बलाघात, अनुतान जस्ता ध्वनिगुणसहित भाषाका विभिन्न एकाइबाट उत्पन्न हुने लयको आवृत्तिमूलक ढाँचा एवं भावसँगको एकत्वपूर्ण सम्बन्धलाई नियोजित वा अनियोजित रूपमा गरिने समग्र व्यवस्थापनलाई लयविधान भनिन्छ । 'लय' शब्द 'ली' धातुमा 'अच् (अ)' प्रत्यय लागेर बनेको संस्कृत तत्सम शब्द हो, जसले गहन एकाग्रता, तल्लीनता, तन्मयता, विलयन, सङ्गीतमा स्वरको आरोहावरोहको विशेषक्रम आदि अर्थलाई बुझाउँछ (आप्टे, सन् १९९३ : ८७२) । अङ्ग्रेजीमा प्राचीन ग्रिक भाषाबाट आएको 'रिदम' लयको समानार्थी शब्द हो, यसलाई सङ्गीत, कविता र नृत्यमा प्रयोग हुने ध्वनि, शब्द तथा साङ्गीतिक स्वरको एउटा सशक्त ढाँचा मानिएको छ (वाल्टर, सन् २००८, पृ. १२२५) । लयलाई बलाघातको तालमा रहेको कथ्य ध्वनिप्रवाहभित्रको पहिचानयुक्त एवं विविधतामय ढाँचाका रूपमा पनि अर्थ्याइएको पाइन्छ (अब्राम्स, सन् २००४, पृ. १६०) । यसबाट लयको मूल सम्बन्ध सङ्गीतसँग रहेको बोध हुन्छ भने कविताभित्रको अन्तर्सङ्गीत नै काव्यिक लय हो भन्ने सङ्केत पनि प्राप्त हुन्छ । लयलाई कविताको प्रमुख विधागत अभिलक्षण र अन्य विधासँगको विभेदक अभिलक्षण मानिएको छ ।

लयव्यवस्थाका मूलभूत ढाँचा र अभिलक्षणका आधारमा काव्यिक लयलाई बद्ध लय र मुक्त लय गरी मूलतः दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । शास्त्रीय तथा लोकपरम्परामा आधारित छन्दविधानका निश्चित नियम र अनुशासनमा बाँधिएको लयलाई बद्ध लय भनिन्छ भने परम्परागत शास्त्रीय अभिलक्षण तथा लोकप्रचलित नियमहरूलाई अनुसरण नगरी आफ्नै स्वतन्त्र ढाँचामा निर्माण गरिएको लयलाई मुक्त लय भनिन्छ । त्यसै गरी लयविधानका आधारमा छन्दको नियोजित अनुशासनमा बाँधिएका, लयगत एकरूपता रहेका वा बद्ध लयमा संरचित कवितालाई पद्यकविता भनिन्छ भने अनियोजित ढाँचामा रहेका वा मुक्त लयमा संरचित कवितालाई गद्यकविता भनिन्छ । पद्यकवितामा छन्दले नै लयलाई व्यवस्थित र नियमित बनाएको हुन्छ तर गद्यकवितामा लयविधानका आफ्नै विशिष्ट प्रक्रिया र पद्धतिहरू रहेका हुन्छन् । काव्यिक लयको स्वरूपलाई बाह्य र आन्तरिक लयका रूपमा पनि हेर्ने गरिएको पाइन्छ । बाह्य लय भाषिक विन्यासको विशिष्ट स्वरूपबाट उत्पन्न हुन्छ भने आन्तरिक लय भावको प्रवाहसँग गाँसिएको हुन्छ । निश्चित पद्धतिमा बाँधिएका भाषिक एकाइहरूको विशिष्ट विन्यासबाट उत्पन्न हुने बाह्य लय र ध्वनि तथा अर्थ वा भावको सामञ्जस्यबाट उत्पन्न हुने आन्तरिक लयको संश्लेषणबाट नै कवितामा लयविधान गरिन्छ । त्यसैले समग्र काव्यिक सङ्कथनलाई एउटै सूत्रमा आबद्ध गरेर लय र भावलाई सङ्गठित एवं गतिशील तुल्याउँदै भावसौन्दर्यलाई पनि उद्घाटन गर्ने कार्यमा लयविधानको विशिष्ट भूमिका रहेको हुन्छ ।

गद्यकवितामा लयविधानका समग्र पक्षहरूको विश्लेषण गर्न लयप्रवाहको स्थिति, समानान्तरता र सामान्य आवृत्तिबाट निर्माण भएको अनियोजित लयढाँचा तथा समग्र लयविधायक तत्त्वहरूको एकीकृत सहकार्यबाट काव्यिक सङ्कथनभित्र आद्यान्त रूपमा निर्माण भएको लयगत एकत्वको स्वरूपलाई आधार मानिन्छ । गद्यकवितामा मूलतः पङ्क्तिविन्यास, लेख्यचिह्नको प्रयोग तथा भाषिक विचलनबाट विराम, बलाघात, अनुतानजस्ता ध्वनिगुणलाई सूचित गर्दै लयप्रवाहको नियमन गरिन्छ । त्यसै गरी विशिष्ट आवृत्तिका रूपमा रहने बाह्य र आन्तरिक समानान्तरताबाट गद्यकवितामा सबैभन्दा प्रभावकारी ढङ्गबाट लयको उत्पादन, नियमन, व्यवस्थापन र अग्रभूमीकरण गरिएको हुन्छ भने सामान्य भाषिक आवृत्ति पनि लयविधानको महत्त्वपूर्ण कारकका रूपमा रहेको हुन्छ । कविताको समग्र लयविधानलाई सूक्ष्म रूपमा विश्लेषण गर्न लयगत एकत्वको अवस्थालाई हेर्नु जरुरी देखिन्छ । पङ्क्तिविन्यास, लेख्यचिह्नको प्रयोग, विचलन, समानान्तरता, सामान्य आवृत्ति तथा उच्चार्य ध्वनि र अर्थको सामञ्जस्य जस्ता आधारहरूको एकीकृत सहकार्यबाट नै कवितामा लयगत एकत्वको निर्माण हुने हुँदा गद्यकविताको लयविधानमा यसको सर्वोपरि भूमिका रहेको हुन्छ । प्रस्तुत लेखमा लयविधानका यिनै परिसूचकहरूलाई आधार मानेर विश्लेषणको सैद्धान्तिक ढाँचा निर्माण गरिएको छ ।

## 'हिउँमा लेखिएका नामहरू' कविताको लयविश्लेषण

'हिउँमा लेखिएका नामहरू' लघुतम स्वरूपमा संरचित गद्यकविता भएकाले यसको लयविधान स्वतन्त्र र अनियोजित रहेको छ। कविताको सङ्क्षिप्त संरचनाभित्र मुक्त लयका विविध स्वरूपहरू सूक्ष्म र सघन रूपमा प्रवाहित बनेका छन्। त्यसैले यस एकाइलाई उक्त कविताको लयविश्लेषण गर्ने क्रममा लयप्रवाहको स्थिति, समानान्तरता एवं सामान्य आवृत्ति तथा लयगत एकत्व जस्ता तीन उपशीर्षकहरूमा सङ्गठित गरिएको छ। विश्लेष्य कविताको पूर्ण पाठ यस प्रकार रहेको छ–

*हामीले*
*लेखेर आएका छौँ*
*हिउँमा आ-आफ्ना नामहरू*
*एक छिनपछि हिउँ थपियो भने*
*रहने छैनन् हाम्रा नामहरू*
*एक छिनपछि घाम लाग्यो भने पनि*
*बाँकी रहने छैनन् हाम्रा नामहरू*
*हामी रहँदा रहँदै*
*नरहने हाम्रा नामहरू*
*हामी नरहँदा*
*कसरी रहलान् हाम्रा नामहरू !*
*हामीले*
*लेखेर आएका छौँ*
*हिउँमा आ-आफ्ना नामहरू*

### लयप्रवाहको स्थिति

कवितामा विराम, बलाघात, अनुतान जस्ता ध्वनिगुणबाट उत्पन्न हुने श्रुतिमधुरता अथवा साङ्गीतिक गुणको अन्तर्प्रवाहलाई लयप्रवाह भनिन्छ। कविताका पङ्क्तिहरूमा हुने उच्चारणको निरन्तरतालाई गति वा प्रवाह भनिन्छ भने पङ्क्तिहरूको बीच वा अन्त्यमा हुने अडानलाई यति, विराम वा विश्राम भनिन्छ। त्यसै गरी ध्वनिदेखि वाक्यसम्मका कुनै एकाइको उच्चारणमा लाग्ने बल वा जोडबाट उत्पन्न हुने ध्वनिगुणलाई बलाघात भनिन्छ भने लयको प्रवाहमा देखिने आरोह-अवरोहको अवस्थालाई अनुतान भनिन्छ। पद्यकवितामा लयको प्रवाह र विरामको अवस्था छन्दको प्रकृतिअनुसार नियमित र नियोजित हुन्छ तर गद्यकवितामा यति वा विरामको अवस्था स्वतःस्फूर्त, अनियमित वा अनियोजित रूपमा रहेको हुन्छ। विराम, बलाघात र अनुतानजस्ता ध्वनिगुणहरूले

कविताको लयप्रवाहलाई भावप्रवाहसँग पनि जोडेका हुन्छन् । कविताको संरचनामा अमूर्त अवस्थामा रहने उक्त ध्वनिगुणहरूलाई पङ्क्तिविन्यास, लेख्यचिह्नको प्रयोग तथा भाषिक विचलनका माध्यमबाट मूर्त र व्यवस्थित रूपमा प्रकट गरिन्छ । बद्ध लय र मुक्त लयको स्वरूप र प्रकृतिअनुसार नै कवितामा लयप्रवाहको निर्माण हुन्छ । 'हिउँमा लेखिएका नामहरू' कवितामा पनि विराम, बलाघात र अनुतानजस्ता ध्वनिगुणहरूलाई पङ्क्तिविन्यास, लेख्यचिह्नको प्रयोग तथा विचलनका माध्यमबाट निम्नानुसार सूचित गरिएको छ–

## पङ्क्तिविन्यास

कविताका विभिन्न हरफ वा पङ्क्तिहरूको समुचित व्यवस्थापनलाई पङ्क्तिविन्यास भनिन्छ । पङ्क्तिविन्यासले कविताको लयप्रवाहमा मूलतः विरामको अवस्थालाई सङ्केत गरेको हुन्छ । पङ्क्तिविन्यास समआयामिक र विषम आयामिक गरी दुई प्रकारका हुन्छन् । समआयामिक पङ्क्तिविन्यास पद्यकवितामा रहने पङ्क्तीकरणको ढाँचा हो भने विषमआयामिक पङ्क्तिविन्यास गद्यकवितामा रहने पङ्क्तीकरणको ढाँचा हो । विषम आयामिक पङ्क्तिविन्यासमा कविताका पङ्क्तिहरू असमान, अनियमित वा विविधतापूर्ण आयाममा वितरित हुने भएकाले मुक्त लयको प्रवाह अनियोजित रूपमा निःसृत हुन्छ । गद्यकवितामा पङ्क्तिपङ्क्ति स्वाट्टस्वाट्ट नछुट्टिई बग्दो नागबेली कथ्यप्रवाहलाई पङ्क्ति निरन्तरतासहितका अनुच्छेदद्वारा आलेखन गरिएको हुन्छ (त्रिपाठी र अन्य, २०६०, पृ. ६) । त्यसैले अधिकांश गद्यकविताका पङ्क्तिहरूको लम्बाइ अनियमित हुन्छ (अब्राम्स, सन् २००४, पृ. १०५) । कविताको लयप्रवाहमा उच्चारण कालको निर्धारण आक्षरिक एकाइहरूले गरेका हुन्छन् । सबै नेपाली अक्षरहरूको उच्चारणकाल लगभग समान रहेको पाइन्छ (आचार्य, २०७१, पृ. २११) । त्यसैले कविताका पङ्क्तिमा रहेका समग्र अक्षरहरूको उच्चारणकालबाट लयप्रवाहको स्वरूप निर्माण हुन्छ । गद्यकविताको पङ्क्तिविन्यासमा न्यूनतम अक्षरहरूको वितरण, अधिकतम अक्षरहरूको वितरण, अक्षरहरूको अत्यन्त असमान वितरण, शब्द र अक्षरहरूको चित्रात्मक वितरण तथा सामान्य गद्यढाँचामा पङ्क्तीकरण जस्ता स्वरूपहरू रहेका पाइन्छन् ।

'हिउँमा लेखिएका नामहरू' विषम आयामिक पङ्क्तिविन्यासमा संरचित एउटा छोटो गद्यकविता हो । यस काव्यिक सङ्कथनमा पङ्क्तिविन्यासको स्वरूप निम्नानुसार रहेको छ–

| **पङ्क्ति तथा अनुच्छेद** | **अक्षरीकरण** | **अक्षरसङ्ख्या** |
|---|---|---|
| १. हामीले | /हा. मि. ले/ | ३ |
| २. लेखेर आएका छौँ | /ले. खे. र/आ. ए. का/छउँ/ | ७ |
| ३. हिउँमा आ-आफ्ना नामहरू | /हि. उँ. मा/आ. आफ्. ना/नाम्. ह. रु/ | ९ |
| ४. एक छिनपछि हिउँ थपियो भने | /एक्/छिन्. प. छि/हि. उँ/थ. पि. यो/भ. ने/ | ११ |

| | | |
|---|---|---|
| ५. रहने छैनन् हाम्रा नामहरू | /र. ह. ने/छइ. नन्/हाम्. रा/नाम्. ह. रु/ | १० |
| ६. एक छिनपछि घाम लाग्यो भने पनि | /एक्/छिन्. प. छि/घाम्/लाग्. यो/भ. ने/प. नि/ | ११ |
| ७. बाँकी रहने छैनन् हाम्रा नामहरू | /बाँ. कि/र. ह. ने/छइ. नन्/हाम्. रा/नाम्. ह. रु/ | १२ |
| ८. हामी रहँदा रहँदै | /हा. मि/र. हँ. दा/र. हँ. दै/ | ८ |
| ९. नरहने हाम्रा नामहरू | /न. र. हँ. ने/हाम्. रा/नाम्. ह. रु/ | ९ |
| १०. हामी नरहँदा | /हा. मि/न. र. हँ. दा/ | ६ |
| ११. कसरी रहलान् हाम्रा नामहरू ! | /क. स. रि/र. ह. लान्/हाम्. रा/नाम्. ह. रु/ | ११ |
| १२. हामीले | /हा. मि. ले/ | ३ |
| १३. लेखेर आएका छौँ | /ले. खे. र/आ. ए. का/छउँ/ | ७ |
| १४. हिउँमा आ-आफ्ना नामहरू | /हि. उँ. मा/आ. आफ्. ना/नाम्. ह. रु/ | ९ |

माथिको तालिकालाई अवलोकन गर्दा 'हिउँमा लेखिएका नामहरू' कविता ४१ शब्द, १४ पङ्क्ति र ३ अनुच्छेदमा संरचित रहेको देखिन्छ । यस कविताको पहिलो अनुच्छेदमा ३ पङ्क्ति, दोस्रो अनुच्छेदमा ८ पङ्क्ति र पहिलो अनुच्छेदकै पुनरावृत्तिका रूपमा रहेको तेस्रो अनुच्छेदमा ३ पङ्क्तिको विन्यास गरिएको छ । यस कवितामा १ देखि ६ शब्दसम्मका पङ्क्तिहरूमा अक्षरहरूको वितरण पनि निकै असमान र विविधतापूर्ण रहेको छ । कविताका १४ पङ्क्तिहरूमध्ये पङ्क्ति पङ्क्ति १ र १२ मा ३ अक्षर, पङ्क्ति २ र १३ मा ७ अक्षर, पङ्क्ति ३, ९ र १४ मा ९ अक्षर, पङ्क्ति ४, ६ र ११ मा ११ अक्षर, पङ्क्ति ५ मा १० अक्षर, पङ्क्ति ७ मा १२ अक्षर, पङ्क्ति ८ मा ८ अक्षर तथा पङ्क्ति १० मा ६ अक्षर रहेका छन् । पङ्क्तिविन्यासमा अक्षरहरूको यस्तो असमान र अनियोजित वितरणका कारणले यो कविता शास्त्रीय नियममा आधारित बद्ध लयढाँचामा नरहेर मुक्त लयढाँचामा रहेको गद्यकविता हो भन्ने पुष्टि हुन्छ ।

यस कवितामा १४ पङ्क्ति रहे पनि एउटा पुनरावृत्त वाक्यलाई समेत गणना गर्दा ५ वटा वाक्यहरू रहेका देखिन्छन् । तिनै ५ वाक्यहरूलाई १ देखि ६ शब्दसम्ममा खण्डित गरेर यस कविताको पङ्क्तिविन्यास गरिएको छ । यहाँ अकारण नै वाक्यहरूलाई खण्डित गरेर पङ्क्तिहरूको अनियोजित विन्यास गरिएको होइन । पङ्क्तिविन्यासका माध्यमबाट नै यस कवितामा स्वतःस्फूर्त रूपमा लय र भावको अन्तर्प्रवाहलाई सूचित गरिएको छ । यस कविताको प्रत्येक पङ्क्तिमा गति, यति र लयप्रवाहको खण्ड सुरक्षित छ । प्रत्येक पङ्क्तिको अन्त्यले काव्यात्मक विरामको अवस्थालाई नियमन गर्ने कार्य गरेको छ र एकै शब्द वा केही शब्दको अन्तरालमा उत्पन्न हुने काव्यात्मक विरामबाट

लयप्रवाहको निश्चित ढाँचा निर्माण भएको छ। यस कविताका अलगअलग पङ्क्तिमा विशृङ्खलित रूपमा छरिएका शब्दहरूलाई एउटै पङ्क्तिमा संयोजन गर्दा विराम, बलाघात र अनुतानसहित लयप्रवाहको ढाँचा पनि प्रभावित हुन पुग्छ।

यस कविताको पहिलो अनुच्छेदका तीन पङ्क्तिहरूमा लयप्रवाहको पहिलो एकाइ निर्माण भएको छ। अनुच्छेदभित्रका पङ्क्तिहरूको आयाम र उच्चार्य कालमा एक रूपता रहेको छैन। पङ्क्ति १ मा ३ अक्षर, २ मा ७ अक्षर र ३ मा ९ अक्षर रहेकाले तिनको उच्चार्य कालको अनुपात लगभग गुणात्मक रूपमा बढ्दै गएको देखिन्छ। पङ्क्ति १ र २ को अन्त्यमा छोटो विश्राम लिँदै र क्रमशः आरोही बन्दै अघि बढेको लयप्रवाहले पङ्क्ति ३ मा आइपुगेर केही लामो विश्राम लिएको र एउटा एकाइ पूरा गरेको छ। दोस्रो अनुच्छेदका सुरुका चार पङ्क्तिहरूमा लयप्रवाहको दोस्रो एकाइ निर्माण भएको छ। पङ्क्ति ४, ५, ६ र ७ लगभग समान आयाम र समान उच्चार्य कालमा रहेका छन्। यहाँ लयको प्रवाह हरेक पङ्क्तिको अन्त्यमा समयको समान अन्तरमा विश्राम लिँदै अघि बढेको छ। यी पङ्क्तिहरूले वाक्य संरचनागत समानान्तरतालाई पनि दर्शाएका छन्। त्यसै गरी दोस्रो अनुच्छेदका पङ्क्ति ८, ९, १० र ११ मा लयप्रवाहको तेस्रो एकाइ निर्माण भएको छ। यस एकाइमा कविताको भावप्रवाहले पनि आकस्मिक मोड लिएको छ। त्यसैले भाव र लयको एकीकृत प्रवाहमा पङ्क्ति १० मा छोटो अन्तरालमै तीव्र र आकस्मिक विराम उत्पन्न भएको र पङ्क्ति ११ मा उच्च आरोही बन्न पुगेको देखिन्छ। यस कविताको अन्तिम अनुच्छेद पहिलो अनुच्छेदकै पुनरावृत्तिका रूपमा रहेको छ, जसले कविताको समग्र लयप्रवाहलाई एकोन्मुखता प्रदान गरेको छ। यसरी पङ्क्तिविन्यासका माध्यमबाट यस कविताको अनियोजित लयप्रवाहलाई सङ्गठित गरिएको देखिन्छ।

## लेख्यचिन्हको प्रयोग

कवितामा लयप्रवाहको अवस्थालाई सूचित गर्ने अर्को आधार लेख्यचिन्हको प्रयोग हो। लेखनलाई व्यवस्थित तुल्याउन र विभिन्न अर्थहरू निष्पन्न गर्न प्रयोग गरिने सङ्केतलाई नै लेख्यचिन्ह भनिन्छ। अल्पविराम, पूर्णविराम, प्रश्नसूचक, विस्मयसूचक आदि चिन्हहरूले कवितामा यति, बलाघात र अनुतानजस्ता ध्वनिगुणहरूलाई सङ्केत गरेका हुन्छन्। विभिन्न प्रकारका लेख्यचिन्हहरूमध्ये विस्मय आदि मानसिक संवेगहरूलाई सूचित गर्ने चिन्ह विस्मयसूचक चिन्ह हो। हर्ष, विस्मात, घृणा, आश्चर्य आदि भाव प्रकट गर्दा यो चिन्ह लाग्छ (पराजुली, २०३९, पृ. १८६)। अर्थात् जुन पद, वाक्यांश वा वाक्यको उच्चारण गर्दा अन्तस्करणको भाव तथा दशा प्रकट हुन्छ, त्यहाँ यस चिन्हको प्रयोग गरिन्छ (प्रधान, २०००, पृ. ३२)। यस चिन्हले कविताको लयप्रवाहमा उदात्त तान वा संवेगात्मक आरोहको सूचना दिने हुँदा यसको सम्बन्ध अर्थ वा भावका साथै लयसँग पनि रहेको हुन्छ।

'हिउँमा लेखिएका नामहरू' कवितामा लेख्यचिन्हको अत्यन्त न्यून प्रयोग गरिएको छ। यहाँ वाक्यको अन्त्यमा आवश्यक स्थानमा पनि पूर्णविराम चिन्हको प्रयोग गरिएको देखिँदैन। कविताको तेस्रो र

अन्तिम पङ्क्तिमा योजक चिन्ह तथा एघारौँ पङ्क्तिमा विस्मयसूचक चिन्हको प्रयोग यसरी गरिएको भेटिन्छ–

| कवितांश | पङ्क्ति | लेख्यचिन्ह |
|---|---|---|
| हिउँमा आ-आफ्ना नामहरू | ३ र १४ | योजक (-) |
| कसरी रहलान् हाम्रा नामहरू ! | ११ | विस्मयसूचक (!) |

उक्त तथ्याङ्कअनुसार यस कविताको पङ्क्ति ३ र १४ मा 'आ-आफ्ना' शब्दमा प्रयोग गरिएको योजक चिन्ह (-) ले आंशिक द्विरुक्त शब्दमा वर्णको आवृत्तिलाई दर्शाएको छ तर कविताको समग्र लयप्रवाहमा यसको त्यति उल्लेखनीय भूमिका रहेको देखिँदैन। त्यसैले पङ्क्ति ११ मा रहेको विस्मयसूचक चिन्ह (!) नै यस कविताको लयप्रवाहसँग प्रत्यक्ष सम्बन्ध राख्ने एक मात्र चिन्ह हो। यो चिन्ह कविताको उत्कर्ष बिन्दुमा प्रयोग गरिएको छ। समग्र काव्यिक सङ्कथनमा हिउँमा लेखिएका नामहरूको नश्वर र क्षणभङ्गुर अवस्थालाई दर्शाउने क्रममा हामी जीवित छँदाछँदै मेटिइसकेका नामहरूले पछि कसरी अमरत्व प्राप्त गर्न सक्लान् भन्ने विस्मयपूर्ण अवस्थाको उत्कर्ष बिन्दुलाई यस चिन्हले सूचित गरेको देखिन्छ। समाख्याताको मानसिक संवेगलाई अभिव्यक्त गर्ने क्रममा यस चिन्हले काव्यिक लयको प्रवाहमा पनि संवेगात्मक आरोह उत्पन्न भएको स्थितिलाई दर्शाएको छ। त्यसैले भाव र लय दुवैको उत्कर्षलाई एकै साथ प्रस्तुत गरेको हुँदा यहाँ विस्मयसूचक चिन्हको प्रयोग लयप्रवाहको एउटा प्रभावकारी सूचकका रूपमा रहेको छ।

## विचलन

कवितामा मुक्त लयको प्रवाहलाई नियमित र व्यवस्थित गर्ने अर्को आधार विचलन हो। सिर्जनात्मक लेखनमा शैलीगत नवीनता र मौलिकताका लागि भाषा वा व्याकरणका परम्परागत, रुढ र मानक नियमहरूको सार्थक र उद्देश्यपूर्ण ढङ्गले अतिक्रमण वा उल्लङ्घन गर्नु नै विचलन हो (ढकाल, २०७५, पृ. १२२)। विचलनको सम्बन्ध कविताको शैलीका साथै लयसँग पनि त्यत्तिकै घनिष्ट रहेको हुन्छ। कवितामा कोशीय विचलन, व्याकरणात्मक विचलन, ध्वन्यात्मक विचलन, प्रयुक्ति विचलन, लेखिमिक विचलन, भाषिकागत विचलन र अर्थ तात्त्विक विचलनबाट लयप्रवाहको नियमन गरिन्छ। कविताको लयप्रवाहमा पदक्रम विचलनको सर्वाधिक महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। मानक लेखनमा रहने पदक्रमको ढाँचालाई उल्ट्याउँदै प्रचलित नियमभन्दा फरक रूपमा पदविन्यास गर्दा कविताका खासखास अंशमा उत्पन्न हुने विराम, बलाघात र अनुतानजस्ता ध्वनिगुणहरूका माध्यमबाट लयप्रवाहको ढाँचा नै प्रभावित हुने हुँदा विचलन पनि काव्यिक लयप्रवाहको नियमन र व्यवस्थापनमा एउटा महत्त्वपूर्ण परिसूचक हो।

'हिउँमा लेखिएका नामहरू' कवितामा भाषिक विचलनका विविध पद्धतिहरूमध्ये व्याकरणिक विचलनको एउटा प्रकार पदक्रम विचलनबाट लयप्रवाहको नियमन गरिएको छ। यस कविताका सबै

वाक्यहरूमा पदक्रम विचलन भएको देखिन्छ। कवितामा पदक्रम विचलन र तिनका मानक स्वरूपलाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ–

| क. सं. | पदक्रम विचलन | मानक स्वरूप |
|---|---|---|
| १ | हामीले / लेखेर आएका छौँ / हिउँमा आ-आफ्ना नामहरू | हामीले हिउँमा आ-आफ्ना नामहरू लेखेर आएका छौँ। |
| २ | एक छिनपछि हिउँ थपियो भने / रहने छैनन् हाम्रा नामहरू | एक छिनपछि हिउँ थपियो भने हाम्रा नामहरू रहने छैनन्। |
| ३ | एक छिन पछि घाम लाग्यो भने पनि / बाँकी रहने छैनन् हाम्रा नामहरू | एक छिनपछि घाम लाग्यो भने पनि हाम्रा नामहरू बाँकी रहने छैनन्। |
| ४ | हामी रहँदा रहँदै/नरहने हाम्रा नामहरू / हामी नरहँदा / कसरी रहलान् हाम्रा नामहरू ! | हामी रहँदा रहँदै नरहने हाम्रा नामहरू हामी नरहँदा कसरी रहलान् ! |
| ५ | हामीले / लेखेर आएका छौँ / हिउँमा आ-आफ्ना नामहरू | हामीले हिउँमा आ-आफ्ना नामहरू लेखेर आएका छौँ। |

माथिको तालिकामा 'हिउँमा लेखिएका नामहरू' कविताका मूल अंश र तिनका मानक स्वरूपको तुलनाबाट लयप्रवाहको अवस्था र प्रभावलाई स्पष्टसँग पहिचान गर्न सकिन्छ। उक्त कवितांशहरूको वाक्यव्यवस्था नेपाली व्याकरणको मानक नियमअनुसार रहेको छैन। कविताका वाक्यको पदक्रममा कर्ता, कर्म र क्रियाको व्याकरणिक अनुक्रममा विचलन गरिएको छ। यस कविताका वाक्यहरूलाई कर्ता, कर्म र क्रियाको मानक अनुक्रममा रूपान्तरण गर्दा वाक्यहरूको संरचना परिवर्तन भएको छ। वाक्यका मानक र विचलनयुक्त दुवै संरचनामा सामान्य अर्थगत भिन्नता छैन तर काव्यिक लयव्यवस्था प्रभावित भएको छ। कविले विचलनका माध्यमबाट खासखास शब्दमा जोड दिएर बलाघात तथा उदात्त तानसहित विशिष्ट काव्यिक लयप्रवाहको सिर्जना गरेका छन्। यहाँ पदक्रम विचलनका माध्यमबाट प्रत्येक वाक्यको अन्त्यमा 'नामहरू' शब्दमा विशेष जोड वा शब्द बलाघात उत्पन्न गरिएको र लयढाँचामा पनि अनुप्राससहित एक रूपता कायम गरिएको छ। पदक्रम विचलनबाटै ध्वनिको आरोहअवरोहको गतिलाई पनि नियमित र व्यववस्थित तुल्याइएको छ। कवितामा प्रयुक्त वाक्यहरूलाई सामान्य व्याकरिणक अनुक्रममा रूपान्तरण गर्दा लयको गति र प्रवाहमा असर पुग्ने देखिन्छ। यसरी विचलन पनि यस कवितामा मुक्त लयप्रवाहको सूचकका रूपमा रहेको छ।

### समानान्तरता

एउटै वा उस्तै ढाँचामा रहेका विभिन्न भाषिक एकाइ र तिनका अर्थको निश्चित क्रम र स्थानमा हुने विशिष्ट आवृत्तिलाई समानान्तरता भनिन्छ । यसलाई भाषा प्रयोगमा नियमित पुनरावृत्ति वा बढी नियमितताको पालन भनेर परिभाषित गरिएको पाइन्छ (शर्मा, २०४८, पृ. १०) । समानान्तरताको स्वरूप आवृत्तिमूलक भए पनि सबै किसिमका आवृत्ति समानान्तरता होइनन् (मोन्टागोमेरी र अन्य, सन् १९९२, पृ. १०३) । त्यसैले अग्रभूमि निर्माण गर्न सक्ने अतिरक्ति नियमिततासहितको विशिष्ट आवृत्तिलाई मात्रै समानान्तरता भनिन्छ । समानान्तरता मूलतः संरचना र अर्थका तहमा रहने हुँदा यसलाई बाह्य (संरचनागत) र आन्तरिक (अर्थगत) गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । बाह्य समानान्तरता भनेको वर्णगत, शब्दगत, पदावलीगत र वाक्यगत एकाइहरूको समान स्थान र क्रममा भएको विशिष्ट आवृत्ति हो भने आन्तरिक समानान्तरता भनेको अर्थका तहमा पर्यायवाची अर्थगत सम्बन्ध र विपरीतार्थी अर्थगत सम्बन्धको विशिष्ट आवृत्ति हो । काव्यिक लयको उत्पादन, व्यवस्थापन र नियमनमा समानान्तरताको सर्वोपरि भूमिका रहेको हुन्छ ।

'हिउँमा लेखिएका नामहरू' कवितामा पनि संरचना र अर्थको तहमा समानान्तरता निर्माण भएको र त्यसले कविताको लयव्यवस्थालाई सुदृढ तुल्याएको पाइन्छ। यस कवितामा निम्नलिखित पङ्क्तिहरूमा समानान्तरताका विविध स्वरूपहरू देखिएका छन्–

| क्र. सं. | काव्यांश | पङ्क्ति | समानान्तरताको स्वरूप |
|---|---|---|---|
| १ | आ-आफ्ना नामहरू<br>हाम्रा नामहरू | ३, ५, ७, ९, ११, १४ | पदावलीगत समानान्तरता |
| २ | एक छिनपछि ... भने ...<br>रहने छैनन् हाम्रा नामहरू | ४, ५, ६, ७ | वाक्यगत समानान्तरता |
| ३ | रहँदा रहँदै नरहने...नरहँदा कसरी रहलान् | ८, ९, १०, ११ | विपरीतार्थी अर्थगत समानान्तरता |
| ४ | हिउँ थपियो भने, घाम लाग्यो भने | ४, ६ | विपरीतार्थी अर्थगत समानान्तरता |

माथिका तथ्याङ्कहरूलाई अवलोकन गर्दा यस कवितामा पदावलीगत र वाक्यगत एकाइहरूको विशिष्ट आवृत्तिबाट बाह्य समानान्तरता र विपरीतार्थी अर्थगत सम्बन्धबाट आन्तरिक समानान्तरता निर्माण भएको देखिन्छ । पङ्क्ति ३ र १४ मा रहेका 'आ-आफ्ना नामहरू' तथा पङ्क्ति ५, ७, ९ र ११ मा रहेका 'हाम्रा नामहरू' पदावलीले कविताका प्रत्येक वाक्यको अन्त्य स्थानमा समानान्तरता कायम गरी समग्र काव्यिक सङ्कथनलाई लयको एउटै सूत्रमा आबद्ध गरेका छन् । त्यसै गरी पङ्क्ति ४, ५, ६ र ७ मा एकै किसिमको संरचनाका दुई मिश्र वाक्यहरूको समानान्तरताबाट लयको

उत्पादन गरिएको छ । पङ्क्ति ८, ९, १० र ११ मा 'रहँदा रहँदै नरहने' र 'नरहँदा कसरी रहलान्' तथा पङ्क्ति ४ र ६ मा 'हिउँ थपियो भने' र 'घाम लाग्यो भने' जस्ता वैपरित्यमूलक शब्दहरूको प्रयोगसँगै विपरीतार्थी अर्थगत समानान्तरताबाट आन्तरिक लय सिर्जना गरिएको छ । यसरी उक्त कविताको लयव्यवस्थालाई सुदृढ तुल्याउने कार्यमा बाह्य र आन्तरिक दुवै किसिमका समानान्तरता प्रमुख कारकका रूपमा रहेका छन् ।

## सामान्य भाषिक आवृत्ति

भाषाका विभिन्न एकाइहरू स्वतन्त्र, स्वतःस्फूर्त र अनियोजित रूपमा दोहोरिने प्रक्रियालाई सामान्य आवृत्ति भनिन्छ । विशिष्ट आवृत्तिका रूपमा रहेको समानान्तरताका साथै अन्य सामान्य आवृत्तिले पनि साम्यावस्थाको सिर्जना गरेर कवितामा लयको उत्पादन गर्दछन् (लिच, सन् १९९१, पृ. ७७) । त्यसैले समान वर्णदेखि समान अनुच्छेदसम्मका भाषिक तहहरूमा देखा परेको आवृत्तिबाट पनि कवितामा मुक्त लयको सिर्जना गरिन्छ ।

'हिउँमा लेखिएका नामहरू' कवितामा वर्णगत, शब्दगत र वाक्यगत आवृत्तिबाट मुक्त लयलाई व्यवस्थित गरिएको पाइन्छ । लघुतम भाषिक एकाइ वर्णका तहबाट हेर्दा यस कवितामा /ह/, /न/, /र/, /म/ चार वटा व्यञ्जन वर्णको बढी आवृत्ति भएको छ । कवितामा उक्त वर्णहरू क्रमशः २४, २०, २० र १७ पटक दोहोरिएका छन् । त्यसै गरी स्वर वर्णहरू पनि अनेकौँ पटक दोहोरिएका छन् । उक्त वर्णहरू कोमल वर्गका सघोष वर्ण मानिन्छन् (शर्मा, २०५५, पृ. ३३) । यस कवितामा यिनै वर्णहरूको औच्चारिक तथा श्रावणिक ध्वनिगुणबाट कोमलता, सघनता र गम्भीरताको भाव उत्पन्न भई भाव र आन्तरिक लयमा एकत्व निर्माण भएको छ । त्यसै गरी पहिलो र तेस्रो अनुच्छेदमा 'हामी' र 'हिउँ' शब्दमा रहेको /ह/ वर्ण, 'आएका' र 'आ-आफ्ना' शब्दमा रहेको /आ/ वर्ण, 'छौँ' र 'हिउँ' मा रहेको अनुनासिकता तथा 'हामीले', 'लेखेर', 'आ-आफ्ना' र 'नामहरू' शब्दमा क्रमिक रूपमा आएका /ले/, /आ/ र /ना/ ध्वनिले कवितालाई अझ लयात्मक र श्रुतिमधुर बनाएका छन् ।

अर्को भाषिक एकाइ 'शब्द' का तहबाट हेर्दा यस कवितामा 'नामहरू', 'हामी', 'हाम्रा' र 'हिउँ' शब्दको बढी आवृत्ति भएको देखिन्छ । यी शब्दहरूमध्ये 'नामहरू' ६ पटक, 'हामी' र 'हाम्रा' ४–४ पटक तथा 'हिउँ' ३ पटक दोहोरिएका छन् । यी शब्दहरू कतै समानान्तरता र कतै सामान्य आवृत्तिका रूपमा रहेका छन् । त्यसै गरी कविताको पहिलो र तेस्रो अनुच्छेदले वाक्यगत र अनुच्छेदगत आवृत्तिलाई एकै साथ प्रस्तुत गरेका छन् । एउटै सरल वाक्यलाई खण्डित गरी अनुच्छेदका रूपमा राखिएकाले यसले वाक्य र अनुच्छेद दुवैको आवृत्तिलाई प्रतिनिधित्व गरेको छ । त्यसैले समानान्तरता वा विशिष्ट आवृत्तिका साथै सामान्य आवृत्ति पनि यस कवितामा मुक्त लयको सूचक बनेको देखिन्छ ।

## लयगत एकत्व

लयविधानका सम्पूर्ण पक्षहरूको संश्लेषण अथवा सहकार्यबाट समग्र काव्यिक सङ्कथनभित्र निर्माण हुने लय र भावको एकीकृत प्रवाहलाई लयगत एकत्व (रिदमिक सिनर्जी) भनिन्छ । यसलाई मूलभूत लयढाँचामा अतिरिक्त तालहरूको थपघट वा वर्षचक्रमा मौसमी विविधता थपिँदा उत्पन्न हुने आनन्दानुभूतिका रूपमा पनि लिइएको पाइन्छ (सर्ट, सन् १९९६, पृ. १२५) । यसले कविताको भावसौन्दर्य र लयमाधुर्य दुवैको अभिवृद्धि गरेको हुन्छ । 'हिउँमा लेखिएका नामहरू' कवितामा पनि पङ्क्तिविन्यास, लेख्यचिन्हको प्रयोग, विचलन, आन्तरिक र बाह्य समानान्तरता एवं सामान्य भाषिक आवृत्तिको एकीकृत सहकार्यबाट विभिन्न एकाइ र अंशका रूपमा रहेका लयात्मक खण्डहरूलाई एउटै सूत्रमा जोडेर तिनको पूर्ण र एकात्मक स्वरूप निर्माण गरिएको छ । कवितामा सघन र तीव्र रूपमा भाव तथा लयको उठान, विकास र समापन गर्ने क्रममा पनि लयगत एकत्वको निर्णायक भूमिका रहेको छ । त्यसैले लयगत एकत्वका माध्यमबाट नै यस कवितामा भावसौन्दर्य र लयसौन्दर्यको समष्टि स्वरूप उद्घाटित भएको देखिन्छ ।

## निष्कर्ष

गद्यकवितामा लयविधानका विभिन्न परिसूचकहरूलाई आधार मानेर हेर्दा 'हिउँमा लेखिएका नामहरू' कवितामा लघुतम आयामभित्र सघन र स्वतःस्फूर्त रूपमा मुक्त लयको निर्माण भएको छ । यस कविताको लयप्रवाहलाई मूल रूपमा विषम आयामिक पङ्क्तिविन्यास र पदक्रम विचलनबाट तथा आंशिक रूपमा विस्मयसूचक चिन्हको प्रयोगबाट सूचित गरिएको छ । समानान्तरता र सामान्य भाषिक आवृत्ति लयविधानका प्रमुख कारक रहेका छन् । लयविधानका समग्र पक्षहरूको एकीकृत सहकार्यसँगै निर्माण भएको लयगत एकत्वबाट कवितामा मुक्त लयको नियमन, व्यवस्थापन र अग्रभूमीकरण प्रभावकारी रूपमा गरिएको छ । सङ्क्षिप्तताभित्र भाव र लयको सघन तीव्रता यस कविताको लयगत वैशिष्ट्य हो । यस कविताको भावसौन्दर्यको अभिवृद्धिका लागि पनि लयले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसरी गद्यकवितामा लयविधानका विविध कोणबाट अवलोकन गर्दा यो कविता सफल, श्रुतिमधुर र सौन्दर्यपूर्ण रहेको देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू


अब्राम्स, एम. एच. (सन् २००४). *अ ग्लोसरी अफ लिटेररी टर्म्स*. सातौँ संस्करण, सिङ्गापुर : थोम्सन एसिया प्रा. लि. ।

आचार्य, जयराज (२०७१). *भाषाविज्ञानको सैद्धान्तिक विमर्श*. काठमाडौँ : मकालु प्रकाशन गृह ।

आप्टे, वामन शिवराम (सन् १९६९). *नेपाली-हिन्दी कोश*. दिल्ली : मोतीलाल वनारसी दास पब्लिशर्स ।

ढकाल, विप्लव (२०७५). *गोपालप्रसाद रिमालका गद्यकवितामा लयविधान*. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रिवि, मासासं, नेकेवि ।

त्रिपाठी, वासुदेव, दैवज्ञराज न्यौपाने र केशव सुवेदी (सम्पा. २०६०). *नेपाली कविता (भाग ४).* चौथो संस्क. ललितपुर : साझा प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०३९). *राम्रो रचना : मीठो नेपाली*. पाँचौँ संस्करण. काठमाडौँ : सहयोगी प्रेस ।

प्रधान, हृदयचन्द्रसिंह (२०००). *चिह्न परिचय.* काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

मोन्टगोमेरि, मार्टिन, एलेन दुरान्त, निगेल फ्याब, टम फर्निस र सारा मिल्स (सन् १९९२). *वेज अफ रिडिङ.* न्युयोर्क : रुटलेज ।

लिच, जि. एन. (सन् १९९१). *अ लिङ्ग्विस्टिक गाइड टु इङ्लिस पोयट्री*. पाँचौँ संस्करण. लन्डन : लङम्यान ग्रुप लिमिटेड ।

वाल्टर, एलिजावेथ (सम्पा.) (सन् २००८). *क्याम्ब्रिज एडभान्स्ड लर्नस् डिक्सनरी*. तेस्रो संस्करण. न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

शर्मा, मोहनराज (२०४८). *शैलीविज्ञान*. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना : सिद्धान्त र प्रयोग*. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, तीर्थ (२०५५). तीर्थ श्रेष्ठका कविताहरू. पोखरा : पोखरेली युवा सांस्कृतिक परिवार ।

सर्ट, मिक (सन् १९९६). *एक्स्प्लोरिङ ल्याङ्वेज अफ पोयम्स्, प्लेज एन्ड प्रोज*. युके : एडिसन वेस्ली लङ्म्यान लिमिटेड ।

◆